सुदूरपश्चिम प्रदेश सरकार
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय दार्चुला, नेपाल

केशव राज जोशी
कार्यालय प्रमुख

प.स. - २०८१/०८२

## दार्चुला जिल्लामा उद्योग प्रवर्द्धनका लागी सहयोग कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सुचना।

(प्रथम पटक सूचना प्रकाशित मिति :- २०८२/०१/०८)

यस कार्यालयको चालु आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार " परम्परागत उद्यम प्रवर्धन कार्यक्रम" अन्तर्गत उद्योग प्रवर्द्धनका लागि अनुदान सहयोग कार्यक्रम कार्यान्वयन गर्न सुदुरपश्चिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्रालय, धनगढी कैलाली बाट जारी गरिएको उद्योग, वाणिज्य तथा उपभोक्ता हित सम्बन्धि बार्षिक कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१ बमोजिम योग्यता पुगेका इच्छुक उद्यमीहरुले यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनको कार्यालय समय भित्र देहाय बमोजिमका कागजात सहित सिलबन्दी प्रस्ताव यस घरेलु तथा साना उद्योग कार्यालय दार्चुलामा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासन गरिएको छ ।

विस्तृत जानकारीको लागी यस कार्यालयको सम्पर्क नं. ०९३-४२०१२१ मा सम्पर्क गर्न सकिनेछ।

**प्रस्तावदाताले पेश गर्नुपर्ने कागजातहरु :**

१. उद्यमीको नेपाली नागरिकताको प्रमाणपत्र, उद्योग दर्ताको प्रमाण पत्र(नविकरण भएको) स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र गत आर्थिक बर्षको कर तिरेको कर चुक्ता प्रमाणपत्र सबै कागजातहरुमा प्रस्तावक स्वयंले सहिछाप गरी प्रमाणित गरेको प्रतिलिपी।

२. उद्योग सञ्चालन गर्न अनुमति प्राप्त सहकारीको हकमा उद्योग दर्ताको प्रमाण पत्र(नविकरण भएको) स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र, जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र र बिनियम सबै कागजातमा सहीछाप गरी प्रमाणित प्रतिलिपी।

३. उद्योग संचालनमा रहेको भवन वा जग्गाको स्वामित्व आफ्नै भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि, एकाघर परिवारको सदस्य भएमा भवन वा जग्गाधनी र उद्यमी बीचको नाता खुल्ने प्रमाणका साथै निवेदन साथ दुवैको नागरिकताको प्रतिलिपि र भाडामा लिएको भएमा कम्तिमा ५ बर्षको सम्झौता अवधि रहेको सम्झौता पत्रको प्रतिलिपिका साथै जग्गा धनीको नागरिकताको प्रमाण पत्र र जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि।

४.प्रस्तावकको लगानी गर्ने प्रतिवद्धता पत्र र उद्योगको नाममा बैङ्क खाता भएको प्रमाण ।

५. प्रस्तावित उद्योगको सम्भाव्यता रहेको छ भनी उल्लेख गरेको स्थानिय तहको सिफारिस पत्र।

६. उद्योग कालोसुचीमा नपरेको स्वघोषणा पत्र।

७. उद्योगको लागी यस अघि सम्बन्धित मेसिनरी उपकरण खरिद वा निर्माण कार्यमा बिगत तिन बर्षमा कुनै पनि किसिमको सहयोग नलिएको स्वघोषणा पत्र।

८. प्रस्तावित जनशक्तिको शैक्षिक योग्यता एबं उद्योगसंग सम्बन्धित कुनै तालिम वा अनुभव लिएको भएमा सोको प्रमाणपत्रको प्रतिलिपी

९. उद्योग, वाणिज्य तथा उपभोक्ता हित सम्बन्धि बार्षिक कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१ को अनुसुची-२ बमोजिम को निवेदन, अनुसुची-३ बमोजिमको ब्यवसायिक योजना ।

१०. लेखा परिक्षण प्रतिवेदन(आवश्यक हुने उद्योगको हकमा)

प्रस्तावकले पेश गरेका प्रतिलिपि कागजातमा फर्मको छाप सहित स्वयंमले सहिछाप गरी प्रमाणित गर्नु पर्नेछ।